# पिपुल्स भोलेन्टियर्स जर्नालिष्ट फोरम नेपाल

काठमाडौं, नेपाल

मिति २०७९।०३।०९

## प्रेस बिज्ञप्ति

नेपाल सरकारले सार्वजनिक निकाय भनेर ताकेको क्षेत्रमा सेवारत हिमालयन रि इन्स्योरेन्स लि.ले मिति २०७९ असार ८ गते आयोजना गरेको 'हिमालयन रि इन्स्योरेन्स रेन्डेभोस २०२२' कार्यक्रममा प्रेसलाई निषेध गरिएको घट्नाको सम्बन्धमा पिपुल्स भोलेन्टियर्स जर्नालिष्ट फोरम नेपालको गम्भिर ध्यानाकर्षण भएको छ ।

हिमालयन रि इन्स्योरेन्स (सार्वजनिक संस्था) ले असार ८ गते अपरान्ह ५:३० बजेदेखि काठमाडौंको ह्यात होटलमा आयोजना गरेको सार्वजनिक कार्यक्रममा सार्वजनिक पद धारण गरेको व्यक्तिहरु अर्थ मन्त्रालयका सचिव मधुकुमार मरासिनी प्रमुख अतिथि, बीमा समितिका अध्यक्ष सूर्य प्रसाद सिलवाल र नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. रमेश कुमार हमाल अतिथि रहेको कार्यक्रमको रिपोर्टिङ गर्न पुगेको ५० भन्दा बढि पत्रकारहरुलाई कार्यक्रम स्थलमा प्रवेश रोकिएको, कार्यक्रम स्थलमा प्रवेश गरिसकेका १० भन्दा बढि पत्रकारहरुलाई गलहत्याएर बाहिर निकाल्ने कार्यको घोर भर्त्सना गर्दछौं । साथै उक्त कार्य नेपालको संविधानप्रदत्त पूर्ण स्वतन्त्र प्रेस विरोधी कार्यको रुपमा लिँदै खेद व्यक्त गर्दछौं ।

नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छा आफै अध्यक्ष तथा आयोजक रहेको सार्वजनिक कार्यक्रममा प्रेस प्रवेश पाउनुपर्ने विषयमा जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोविन्द रिजालमार्फत पत्रकारहरुलाई निर्वाध रुपमा समाचार संकलन गर्ने वातावरण मिलाउन महानगरीय प्रहरी बृत्त बौद्धबाट निर्देशन दिँदा समेत बल पूर्वक रोकिनु प्रेस विरोधी कार्यमा रुपमा लिएका छौं ।

नेपालको संविधानको संविधान २०७२ को धारा ५१ को (ख) र (ग), छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०४८ को प्रतिकूल हुने गरी सार्वजनिक कार्यक्रममा पत्रकारहरुको सहज पहुँच स्थापित गर्ने कुरा नेपाल सरकार र प्रशासनको दायित्व भित्र पर्दछ । सो बमोजिम कार्यक्रमस्थलमा प्रवेश दिन प्रमुख जिल्ला अधिकारी गोविन्द्र रिजालले दिएको निर्देशन समेत लत्याउने कार्यले हिमालयन रि इन्स्योरेन्स र यसका अध्यक्ष शेयर गोल्छाले संविधान र कानुन उल्लघंन गरी प्रेसमाथि प्रतिबन्ध लगाउने प्रयास गरेका छन् ।

सार्वजनिक पद धारण गरेको व्यक्ति आफै आयोजक, सार्वजनिक पद धारण गरेका तीन जना व्यक्तिले भाषण गर्ने, सार्वजनिक निकाय भनिएको हिमालयन रि इन्स्योरेन्स कम्पनीले पत्रकारहरु फर्काउनु सामान्य रुपमा नलिई यस घटनाको निष्पक्ष छानविन गरी

संलग्न दोषीमाथि कारवाहीको माग गर्दछौं । नेपाल पत्रकार महासंघको नेतृत्वले तत्काल गृहमन्त्रालयमा जानकारी गराई सार्वजनिक पद धारण गरेको व्यक्ति उपस्थित कार्यक्रम वा सार्वजनिक निकायले गर्ने कार्यक्रममा निर्वाध रुपमा समाचार संकलन गर्ने वातावरण मिलाउन सबैमा आह्वान गर्दछौं ।

संयोजक

नबराज न्यौपाने